अनुसूची-२

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


# हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः२ मितिः २०८१।०३।१०


भाग-१

हेलम्बु गाउँपालिका

## विनियोजन ऐन, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२१ तथा धारा २२६ मा रहेको स्थानीय तहको व्यवस्थापकीय तथा कानुन बनाउन पाउने अधिकारको आधारमा हेलम्बु गाउँपालिकाको गाउँसभाले यो ऐन निर्माण गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन २०८१ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८१/८२ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः

१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५३,७४,८६,०००/- (अक्षरुपी त्रिपन्न करोड चौहत्तर लाख छयासी हजार रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त हेलम्बु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजनाहरु र गाउँपालिका भित्रका सशर्त कार्यक्रमहरु कुनै पनि उपभोक्ताले पौष मसान्त भित्र सम्झौता नगरेको खण्डमा उक्त आयोजना गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी अन्य आयोजनामा रकमान्तर गरी खर्च गर्न सकिने छ।

५) यस ऐन बमोजिम विनियोजन गरिएको रकम मध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषि विकास क्षेत्रमा विनियोजीत रकमलाई विषयगत निकायबाट विस्तृत कार्यक्रम प्रस्तुत भएमा गाउँकार्यपालिकाले अध्ययन गरी स्वीकृत गरी खर्च गर्न सकिने छ।

# अनुसूची —१

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| | | संघीय | | | | | प्रदेश | | | | | आन्तरिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | शिर्षकको नाम | समनीकरण | राजश्व बाँडफाँड | सघीय अन्तशुल्क | सशर्त | विशेष अनुदान | समनीकरण | सशर्त | राजश्व बाँडफाँड | विशेष अनुदान | सममुरक | राजश्व | अल्या | |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १ | गाउँ कार्यपालिका | १०५२०००००० | ६८४३५८१८ | २४८५९३३२ | १९०६०००००० | १२५०००००० | १०५६४००० | २०३३१००० | ३६०९३००० | ६५०००००० | २०००००००० | २०००००००० | १२४२८५० | ५३७४८६००० |